Regd. No. 32150/061/062

# KHADKA LAND DEVELOPMENT (P.) LTD.

Khadka Land Development Pvt. Ltd. 2061 Budhanilkantha, Ktm.

Ref. No:

Date: ..................................

## प्रेस विज्ञप्ती

आरणीय पत्रकार साथीहरु !

मिति २०७८ फागुन १८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा **'सार्वजनिक जग्गामा पूर्वराज्यमन्त्री दिपक खड्काको रजाईं'** शीर्षकको समचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

पूर्वराज्यमन्त्री खड्काले नेपाल सरकारको स्वामित्वमा काठमाडौं महानगरपालिका-२६ लैनचौरमा रहेको नेपाल स्काउटको व्यवसायिक भवन आफ्नो कम्पनी खड्का ल्याण्ड डेभलपमेन्ट प्रालिबिच टेण्डरमार्फत सम्झौता भई सञ्चालन गर्दै आउनुभएको अवगत गराउँछौं ।

यस कम्पनीका अध्यक्ष खड्काको बढ्दो राजनीतिक उचाईलाई प्रहार गर्न र आफ्नो व्यक्तिगत स्वार्थका लागि स्काउटकै जिम्मेवार तहमा बसेका व्यक्तिले व्यवसायीक वातावरण विगार्न लागेको हाम्रो ठहर छ । खड्का ल्याण्ड प्रालिले सम्झौताअनुसार नेपाल स्काउटलाई तिर्नुपर्ने रकम तिर्न बाँकी नरहेको स्पष्ट पार्न चाहन्छौं ।

संखुवासभामा काँग्रेस नेता खड्काको बढ्दो लोकप्रियता देखेर तत्कालिन समयमा नेकपा एमाले बनेर राजनीतिक नियुक्ति खाएका संखुवासभाकै व्यक्ति लोकबहादुर भण्डारीले जिल्लाका अन्य विपक्षी नेताहरुको साँठगाँठ र उत्साहटमा लागेर पवित्र संस्था स्काउटमार्फत राजनीतिक पूर्वाग्रह साँधेको प्रष्ट देखिन्छ । विस २०७४ सालमा ६ महिनाभित्रमा निर्वाचन गरी निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्नेगरी तदर्थ समितिको संयोजकमा नियुक्त भएका भण्डारीले निर्वाचन पनि गराउन सकेका छैनन् भने पदपनि छाडेका छैनन् । विगत पाँच वर्षदेखि तदर्थ समितिको संयोजक बनेर स्काउटको चरम दोहन गर्नमै व्यस्त छन् ।

फागुन १० गते स्काउटमा पत्रकार सम्मेलन गरी खड्का ल्याण्डको सक्रियतामा केन्द्रीय कार्यालयमा तोडफोड गरेको आरोप लगाएका स्काउट नेतृत्वले विभिन्न सञ्चार माध्यामको प्रयोग गरी सम्झौताअनुसार चलेको खड्का ल्याण्डलाई खेद्ने प्रयास गरिरहेको छ । यसमा यस प्रालिको कुनै संलग्नता नरहेको स्पष्ट पार्दै उक्त कार्य यस संस्था र संस्थाका अध्यक्षको बद्नाम गर्ने निहित उदेश्यले निजहरुले नै गरे वा घटाएको भन्ने हाम्रो गम्भीर आशंका रहेको छ ।

निश्चित समयका लागि खड्का ल्याण्ड प्रालिले सम्झौता गरेर आफ्नो व्यवसाय सञ्चालन गर्दै आएपनि नेपाल स्काउटको वर्तमान नेतृत्वले आफ्नो व्यक्तिगत स्वार्थका लागि खड्का ल्याण्डले सञ्चालन गर्दै आएको कामप्रति अवरोध पुऱ्याउँदै आएको छ ।

स्काउटले सम्झौताविपरीत हाम्रो कार्यालय र हामीले बनाएको व्यवसायिक संरचनामा वर्षौंदेखि विजुली, पानी, ढल काट्ने, पार्किङ नदिने, मुख्य ढोकामा तालाबन्दी गर्ने तथा संरचना भत्काउने जस्ता अमानवीय कार्यहरु गर्न थालेपछि हामी आजित भएर कानूनको ढोकामा पुगेका थियौं । त्यसै सन्दर्भमा सम्मानित काठमाडौं जिल्ला अदालतले निजहरुले गरेका हर्कतलाई रोक्न र सम्झौताबमोजिम निरन्तर काम गर्न दिनु भनी फैसलामार्फत आदेश दिएको थियो ।

Regd. No. 32150/061/062

# KHADKA LAND DEVELOPMENT (P.) LTD.

Ref. No: Date: ..............................

यद्यपी निजहरुले सम्मानित अदालतको आदेशको अवज्ञा गर्ने एवम् विधिको शासन नमान्नेजस्ता कार्यहरुलाई अझपनि निरन्तरता दिँदै आएका छन् । यसै सन्दर्भमा हाल उच्च अदालतमा यसै विषयमा मुद्दा विचाराधीन अवस्थामा रहेको छ । हालै गरिएका सम्पूर्ण कार्यहरु उक्त उच्च अदालतको मुद्दालाई प्रभाव पार्नेगरी स्काउट नेतृत्वले खड्का ल्याण्डलाई कमजोर पार्ने उदेश्यले विभिन्न सञ्चारमाध्याम मार्फत हामी विरुद्ध लागेको स्पष्ट देखिन्छ ।

विगत तीन वर्षदेखि स्काउटको डिडिसीतर्फको भवनका दर्जनौं सटर भाडामा लगाउन नसकेर राज्यलाई करोडौं नोक्सान पारेका स्काउटका संयोजक लोकबहादुर भण्डारी र निर्देशक रामप्रसाद भट्टराईलगायतले आर्थिक चलखेलगरी हामिलाई यहाँबाट हटाउने दुष्प्रयास गरिरहेको भन्ने आम बुझाई रहेको छ । उनीहरुकै निर्देशनमा सम्झौता बमोजिम खड्का ल्याण्डले निश्चित समयका लागि सञ्चालन गर्न बनाईएका संरचनालाई विना सूचना भत्काउन खोज्ने, भाडामा बस्नेलाई धम्क्याउने, तर्साउने, अनुमति विना हाम्रो कार्यलयमा प्रवेश गरी हाम्रा कर्मचारीलाई अमर्यादित गाली गलौज गर्ने, धम्काउने, तर्साउने एवम् दुःख दिनेलगायतका कार्यहरु गरिरहेका छन् ।

स्काउटका संयोजक भण्डारी एवं निर्देशक भट्टराई विभिन्न प्रलोभन र कमाउ धन्दामा संलग्न रहेको हुनसक्ने भएकाले व्यवसायिक वातवरण विगार्ने खेलमा लागेको देखिन्छ । हिजोको दिनदेखि नै स्काउट वर्तमान नेतृत्वले सुरक्षित व्यवसायिक वातवरण विथोल्ने र स्काउट जस्तो पवित्र सामाजिक संस्थाको छवी नै धमिल्याउँदै छन् । यस्तै, नेकपा एमालेका कार्यकर्तालाई स्काउटको विभिन्न जिल्ला तथा स्थानीय तहको संयोजक बनाएर स्काउटलाई राजनीतिक भर्तिकेन्द्र बनाईदैछ ।

अन्त्यमा, हामी हाम्रो सम्झौताअनुसार व्यापार व्यवसाय निर्वाध ढंगले सञ्चालन गर्दछौं । राज्यलाई नोक्सान हुने कार्य जोकोहीबाट हुन हुँदैन भन्नेमा हामी पूर्ण सचेत छौं । स्काउटलाई सामाजिक सेवाको क्षेत्र बनाउनका लागि देशभरका स्काउटलाई हामी हार्दिक आग्रह गर्दछौं ।

धन्यवाद !

...........................

भष्कर कार्की

प्रशासकीय अधिकृत

२०७८/११/१८